# डिभिजन वन कार्यालय, पर्वतको जनहितमा जारी सन्देश

- कुनै पनि पदार्थसँग हावामा रहेको अक्सीजनको द्रुतगतिमा हुने संयोगवाट निस्कने ताप, प्रकाश र ज्वालालाई आगो (Fire) भनिन्छ । वनजंगल, भिरपाखा तथा खरबारीमा हुने अनियन्त्रित आगलागीलाई वन डढेलो भनिन्छ । वन डढेलो प्रायः चैत्र देखि जेष्ठसम्म कहिलेकाही असारसम्म लाग्ने गर्दछ ।
- प्रज्वलनशिल वस्तु, अक्सिजन र आगोको स्रोत आगो वल्नका लागि चाहिन्छ । तीन स्रोत मध्ये कुनैपनि एकको अनुपस्थितिमा वनमा आगो लाग्न सक्दैन ।
- वन डढेलो प्राकृतिक र मानवजन्य क्रियाकलापबाट लाग्ने गर्दछ । तर नेपालमा स्वार्थपुर्तिका लागि ६४ प्रतिशत र अन्जान वा हेलचेक्र्याईबाट ३२ प्रतिशत आगो लाग्ने गर्दछ । त्यसैले निहित स्वार्थका लागि वन डढेलो लगाउने कार्य आजैबाट वन्द गरौं ।
- वन डढेलोले सयौं वर्ष लगाएर हुर्के वढेका दुर्लभ वनस्पती, वन्यजन्तु र जैविक विविधताको निमेशभरमै नाश गर्ने, जंगलमा रहेका खानेपानीका पाईपहरु जली नष्ट पार्ने, कहिलेकाहिं वस्तीमा आगो सर्न गई ठुलो परिमाणको जनधनको क्षती हुने, माटोको गुणमा परिवर्तन ल्याउने, वायुमण्डलमा कार्वनडाईअक्साईडको मात्रा वढ्न गई स्वासप्रश्वास प्रणालीमा असर पार्ने र जलवायु परिवर्तनमा समेत प्रत्यक्ष असर पार्ने हुँदा वन डढेलो समाजकै कलंकको रुपमा रहेको जघन्य अपराध हो । यस्ता व्यक्तिलाई सामाजिक रुपमै वहिस्कार गरौं ।
- हिन्दुहरुको धर्म ग्रन्थ गरुड पुराडमा उल्लेख भए अनुसार वन जंगलमा आगो लगाउने मानिस पापी हो र उक्त पाप गर्ने मानिसले नरकमा वास वस्नु पर्छ भनेर भनिएको छ । वन ऐन २०७६ मा भएको व्यवस्था वमोजिम ***जंगलमा आगो लगाउने व्यक्तिलाई वन जंगल क्षती वापतको रकम असुल उपर गरी ३ वर्षसम्म कैद र रु.६०,०००/- जरिवाना वा दुवै सजाय हुने*** कानुनी व्यवस्था रहेको छ ।
- त्यसैले वन जंगलमा आगो लगाउने व्यक्तिको सुराक लगाई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई उचित पुरस्कारको समेत व्यवस्था गरिएको हुँदा आगो लगाउने व्यक्तिको सुचना डिभिजन वन कार्यालय, पर्वत (फोन नं. ०६७-४२०१३५) मा दिऔं तथा त्यस्ता व्यक्तिहरुलाई समुहको विधान तथा वन ऐन वमोजिम कारवाही गर्ने गरौं ।
- यदि वन जंगलमा आगो लागिहाले तुरुन्तै आम उपभोक्ताहरु तथा सम्पूर्ण स्थानीयहरु मिली नियन्त्रण गर्ने गरौं र प्रकृतीका अनमोल सम्पदाको रक्षा गर्ने गरौं ।

डिभिजन वन कार्यालय, पर्वत
फोन नं. ०६७-४२०१३५
Email : parbatdfo@gmail.com